Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY
ESTD : 2057
RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई-पेपरका लागि स्क्यान गर्नुहोस् ।)

वर्ष: २६ | अंक: १४७ | वि.सं. २०८३ भदौ २४ बुधवार | नेपाल संवत: ११४५, भाद्र कृष्ण त्रयोदशी | Wednesday 9 September 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-


## प्रधानमन्त्री राहत कोषमा पौने १२ अर्ब रुपैयाँ जम्मा




युग संवाददाता
काठमाडौँ, २३ भदौ ।

प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष तथा प्रधानमन्त्री राहत कोषमा पौने १२ अर्ब रुपैयाँ जम्मा भएको छ। प्रधानमन्त्री तथा मन्त्रीपरिषद्‌को कार्यालयका अनुसार मंगलबार बिहान ९ बजेसम्म दुवै कोषमा गरी ११ अर्ब ७७ करोड ६७ लाख ५० हजार २६१ रुपैयाँ जम्मा भएको हो। जम्मा रकममध्ये नौवटा वाणिज्य बैंकमा ८ अर्ब ५९ करोड १९ लाख ४ हजार २२३ रुपैयाँ मौज्दात रहेको कार्यालयले जनाएको छ।

कोषमा जम्मा भएको रकममध्ये यसअघि १ अर्ब रुपैयाँ रसुवाका बाढीपीडितका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको नाममा निकासा भइसकेको छ। त्यस्तै, हिमालयन बैंक र लक्ष्मी सनराइज बैंकमा रहेको डलर खातामा २ करोड ११ लाख ८ हजार ४७१ रुपैयाँ जम्मा भएको कार्यालयले जनाएको छ।

भोटेकोशी बाढीपछि सरकारले राहत, उद्धार तथा पुनःस्थापनाका लागि प्रधानमन्त्री राहत कोषमा सहयोग गर्न आह्वान गर्दै आएको छ। पछिल्लो समय विभिन्न व्यक्ति, व्यवसायी, बैंक तथा वित्तीय संस्था र संघसंस्थाबाट कोषमा सहयोग आउने क्रम बढेको छ।

### बिनासकारी भोटेकोसी बाढीपछिको सिकाई

# सुरुङ बढ्दै गए, बनेन उद्धार संयन्त्र

ओम शाही
सुर्खेत, २३ भदौ ।

भोटेकोसी नदीमा १० भदौमा आएको भीषण बाढीले रसुवा र आसपासका जलविद्युत् आयोजनालाई तहसनहस पाऱ्यो। बाढीले आयोजनाका सडक, बाँध, विद्युत्गृह र सुरुङमा नगन्य मात्रामा क्षति पुऱ्यायो। सम्भवतः अधिकांश आयोजनाहरू पुनः बनाउन नसकिने गरी खण्डहर बनेका छन्।

सबैभन्दा ठूलो संकट भने आयोजनामा कार्यरत सयौँ कामदार र कर्मचारी सम्पर्कविहीन भएपछि देखियो। हालसम्मको आधिकारिक विवरणअनुसार बाढीबाट एक सौर्य ऊर्जा र ११ वटा जलविद्युत् आयोजना प्रभावित भएका छन्। २१ भदौसम्मको अद्यावधिक विवरणअनुसार ती आयोजनामा ९ सय १९ जनाको अवस्था अज्ञात छ। केही आयोजना सञ्चालनमा थिए भने केही निर्माणाधीन।

कतिपय कामदार सुरक्षित स्थानमा पुग्न सफल भए पनि धेरैको अवस्था अज्ञात छ। त्यसमध्ये दुई सय १६ मेगावाटको माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजना सबैभन्दा ठूलो संकटमा फसेको छ। आयोजनामा बाढी आउनुअघि एक हजार चार सय ३३ जना काम गरिरहेका थिए। बाढीपश्चात् आठ सय ७६ जनाको उद्धार भइसके पनि पाँच सय ५७ जना सम्पर्कविहीन रहेको र तीमध्ये एक सय १५ जना मुख्य सुरुङ र हेडवर्क्स (बाँध) क्षेत्रमा फसेको आशंका छ।

तर, १९ भदौमा क्षतिग्रस्त आयोजनाबाट दुई जनालाई सकुशल उद्धार भएपछि केही आशा भने पलाएको छ।

बाँकी ३ पेजमा



### भोटेकोसीमा मुख्य समस्या के देखियो ?

रसुवा बाढीपछि देखिएको समस्या उद्धार टोलीको इच्छाशक्तिको मात्र होइन, उद्धारका लागि आवश्यक पूर्वतयारी र उपकरणको पनि हो। माथिल्लो त्रिशूली-१ मा उद्धारका लागि कोरियाली, शेर्पा, सर्क र ड्रोन टोली सक्रिय पारिएको थियो। आयोजनाले विभिन्न १५ वटा उद्धार मेसिन तथा उपकरण धुन्चे पुऱ्याएको र नेपाली सेनाको हेलिकोप्टरबाट आयोजनास्थल

बाँकी ४ पेजमा

### सेना छ, तर विशेष सुरुङ उद्धार टोली ?

नेपालमा समस्या उपकरण मात्रै होइन। भोटेकोसीमा देखिएको कमजोरीलाई उपकरण थिएन भनेर बुझ्नु अपूरो हुन्छ। मुख्य समस्या उद्धार प्रणालीको एकीकृत तयारी हो। नेपालमा विपत्‌का बेला नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी उद्धारमा खटिन्छन्।

कठिन पहाडी भूगोलमा उद्धार गर्ने अनुभव पनि उनीहरूसँग छ। तर, बाढीले सुरुङको मुख नै माटो, ढुंगा र लेदोले पुरिदियो भने सामान्य उद्धार सीप मात्र पर्याप्त

बाँकी ४ पेजमा

### अब प्रश्न जलविद्युत् आयोजनाको सुरक्षामा

नेपालमा जलविद्युत् निर्माण तीव्र गतिमा भइरहेको छ। नदीको किनार, पहाडको भित्री भाग र भूमिगत सुरुङमा हजारौँ कामदार काम गरिरहेका छन्। तर, आयोजनामा दुर्घटना भएपछि उद्धार गर्ने छुट्टै राष्ट्रिय क्षमता भने कति

बाँकी ४ पेजमा

### भोटेकोशी बाढीः

## शोकमा डुबेका अनलाललाई साथ दिँदै वडावासी

युग संवाददाता
बाँके, २३ भदौ ।

एकैपरिवारका तीन जना बेपत्ता। त्योभन्दा ठूलो पीडा के होला ? यस्तै पर्नु पीर परेको छ, नेपालगन्ज-२० निवासी अनलाल रोकायलाई। भोटेकोशी बाढीमा तीन जना बेपत्ता भई अकल्पनीय शोकमा पर्नुभएका रोकायालाई वडावासीले साथ सहयोग प्रदान गरेका छन्।

रसुवा भन्सार कार्यालय टिमुरे क्षेत्रमा काम गर्ने दाजु ५३ वर्षीय शेरसिंह रोकाय र भाउजु ५६ बर्षिया विष्णुमतिलाई भेट्न र तीर्थस्थल गोसाइँकुण्ड घुम्न गएका १९ वर्षीय छोरा दीपक रोकाय बेपत्ता हुँदा अनलाल यतिबेला असैह्य पीडामा छन्।

बुढेसकालको सहारा एक्लो छोरा, अभिभावकका रुपमा रहेका दाजु र भाउजु एकैपटक बेपत्ता भएपछि थपुवास्थित रोकाय निवासमा अहिले सन्नाटा र आँसु मात्र छचल्किरहेको छ। ढोकातिर हेर्दै 'कतै फर्किहाल्छन् कि' भन्ने आशा र मनभित्रको गहिरो निराशाबीच अनलालको परिवार वियोगको भारी थाम्न विवश छ।

अकल्पनीय पीडा र शोकको घडीमा स्थानीय वडावासी भने रोकाय परिवारको घाउमा मलम लगाउन अघि सरेका छन्। स्थानीयवासीको सक्रियतामा सङ्कलन गरिएको नगद राहत बोकेर नेपालगन्ज उपमहानगरपालिका-२० का कार्यवाहक वडाध्यक्ष चक्रबहादुर बुढासहितको टोली सोमबार अनलालको निवासमै पुगेको थियो।

"अकल्पनीय पीडाको अगाडि यो रकम धेरै सानो हो", कार्यवाहक वडाध्यक्ष बुढाले भावुक हुँदै अनलाललाई सम्झाए, "यो रकम मात्र होइन, सिङ्गो वडावासी तपाईंको साथमा छ। आगामी दिनमा बेपत्ताको खोजी र परिवारलाई चाहिने हरेक सहयोगमा हामी निरन्तर साथमै रहनेछौँ।" आफ्नो सिङ्गो परिवार नै बेपत्ता भएपछि शोकमा डुब्नुभएका अनलालका लागि गाउँलेको यो साथले थोरै भए पनि सहारा दिएको छ।

"सहयोग सानो वा ठूलो भन्ने हुँदैन, दुःखको यो क्षणमा वडावासीले खोजी कार्यदेखि आर्थिक सहयोग गरेर हाम्रो पीडामा मलम लगाउने काम गर्नुभएको छ", गहभरि आँसु पार्दै अनलालले वडावासीप्रति आभार प्रकट गरे।

आफ्ना मान्छे जीवितै फर्किने आशा मर्दै जाँदा, अन्तिम संस्कारका लागि भए पनि शव पहिचान होस् भन्ने पर्खाइमा रोकाय परिवार रहेको छ। "बाढीपछि फेला परेका शवसँग मिलान गर्न डिएनए परीक्षणका लागि नमुना पठाइएको छ", अनलालले आशा र निराशा व्यक्त गर्दै भने, "कम्तीमा डिएनए रिपोर्ट मिलेपछि त दाजु, भाउजु र छोराको अवस्था आधिकारिक रूपमा थाहा हुन्थ्यो।"







## सम्पादकीय....

# सरकारलाई भाग्ने छुट छैन !

नेपालको राजनीतिक इतिहासमा एउटा पुस्ताले सडकबाट दिएको शक्तिशाली हस्तक्षेपका रूपमा जेन-जी आन्दोलनलाई सम्झिइनेछ। सामाजिक सञ्जालमाथि प्रतिबन्ध लगाउने सरकारको निर्णयविरुद्ध गत वर्ष २३ भदौमा सुरु भएको अभियान २७ घण्टामै देशको राजनीतिक परिस्थिति बदल्ने मियो बन्यो। आन्दोलनका क्रममा भएको अत्यधिक बल प्रयोग, हिंसा, आगजनी र तोडफोडले ठूलो जनधनको क्षति गरायो। त्यसपछि अन्तरिम सरकार गठन, आमनिर्वाचन र राजनीतिक नेतृत्वमा आएको परिवर्तनले आन्दोलनलाई नेपालको समकालीन राजनीतिक इतिहासकै महत्वपूर्ण घटनाका रूपमा स्थापित गरेको छ। तर, आन्दोलनको एक वर्ष पूरा हुँदा मूल प्रश्न अझै बाँकी छन्, जुन परिवर्तनका लागि युवाहरू सडकमा उत्रिए, त्यसको अनुभूति नागरिकले कति गर्न पाए ? सामाजिक सञ्जाल दर्ता गराउने सरकारी आग्रह अस्वीकार भएपछि सरकारले फेसबुक, ह्वाट्सएप, एक्स, युट्युबलगायत २६ सामाजिक सञ्जाल बन्द गर्ने निर्णय गरेको थियो। त्यसको विरोधमा सुरु भएको अभियान चाँडै भ्रष्टाचार, कुशासन, राजनीतिक पहुँच र नेताहरूको विलासी जीवनशैलीविरुद्ध केन्द्रित भयो।

युवाको असन्तुष्टि यति गहिरो रहेछ कि केही घण्टामै त्यसले स्थापित राजनीतिक संरचनालाई चुनौती दियो। तर, आन्दोलन दबाउन गरिएको बल प्रयोग र त्यसपछि भएको हिंसाले आन्दोलनको शान्तिपूर्ण चरित्रमाथि गम्भीर प्रश्न पनि उठायो। आन्दोलनपछि आएको राजनीतिक परिवर्तनलाई यसको सबैभन्दा ठूलो उपलब्धि मान्न सकिन्छ। तर, नेतृत्व परिवर्तन मात्रै परिवर्तनको पर्याय होइन। नयाँ नेतृत्वबाट पुरानो शासनशैलीकै निरन्तरता भयो भने आन्दोलनको औचित्यमाथि नै प्रश्न उठ्छ। नागरिकले खोजेको परिवर्तन भनेको अनुहार फेरिने होइन, शासन गर्ने शैली फेरिनु हो। यसको अनुभूति कर्णालीमा अझ प्रष्ट देखिन्छ। २४ भदौमा वीरेन्द्रनगरमा भएको तोडफोड र आगजनीबाट सरकारी तथा निजी संरचनामा १९ करोड ७५ लाख ४५ हजार ६३९ रुपैयाँ बराबरको क्षति भयो। ९४ वटा सवारीसाधनमा क्षति पुग्यो। प्रदेशसभा, मुख्यमन्त्री निवास, प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयलगायतका संरचना अझै पूर्ण रूपमा पुनर्निर्माण हुन सकेका छैनन्।

यो क्षति केवल भौतिक संरचनाको होइन, सार्वजनिक सम्पत्तिप्रतिको जिम्मेवारी र राजनीतिक असन्तुष्टिको व्यवस्थापनमा राज्यको असफलताको पनि परिणाम हो। अझ पीडादायी पक्ष आन्दोलनमा घाइते भएकाहरूको अवस्था हो। प्रहरीको गोली लागेर दुवै आँखा गुमाएका सन्तोष बोहोराको परिवारले राज्यसँग गरेको अपेक्षा अझै पूर्ण भएको छैन। आन्दोलनमा ज्यान गुमाउने र घाइते हुने परिवारको पीडा कुनै राजनीतिक उपलब्धिले ढाक्न सक्दैन। जेन-जी आन्दोलनले दिएको सन्देश सत्ता परिवर्तन होइन, जवाफदेहिताको माग हो। शिक्षा, स्वास्थ्य, रोजगारी, प्रविधि, सार्वजनिक सेवा र निर्णय प्रक्रियामा सुधार नभएसम्म आन्दोलनको मर्म पूरा भएको मान्न सकिँदैन। नयाँ नेतृत्वलाई केही समय दिनु आवश्यक छ, तर त्यसको अर्थ प्रश्न गर्न छाड्नु होइन। एक वर्षपछि अब राज्य र राजनीतिक नेतृत्वले आत्मसमीक्षा गर्नुपर्छ। जेन-जीले खोजेको परिवर्तन कहाँ पुग्यो ? यसको जवाफ भाषणमा होइन, नागरिकको दैनिक जीवनमा देखिनुपर्छ। अन्यथा एउटा पुस्ताले सडकमा उठाएको आवाज फेरि अर्को असन्तुष्टिको आधार बन्न सक्छ। त्यसैले अब यो वा त्यो बहानामा जेन-जी आन्दोलनको मर्मअनुरुप काम गर्न सरकारलाई भाग्ने छुट छैन।

## विश्व

# युद्धले थलिँदै हर्मुज जलमार्ग तटको बन्दर अब्बास सहर

**काठमाडौँ, २३ भदौ ।**
हर्मुज जलमार्गसँग जोडिएको इरानको सबैभन्दा ठूलो बन्दरगाह सहर बन्दर अब्बासका तटीय क्षेत्रहरु कुनै समय डुङ्गा, ट्रक र मजदुरहरुको चहलपहलले गुल्जार थिए। अहिले ती क्षेत्रहरु सुनसान छन्।

स्थानीय त्रासमा छन्। द एसोसिएटेड प्रेसले गत हप्ता बन्दर अब्बास शहरका व्यस्त तटीय क्षेत्रहरु भ्रमण गरेको थियो। अमेरिकाले गरेको आर्थिक नाकाबन्दीसँगै लगातारको हवाई हमलाबाट पनि यस शहर प्रताडित छ। यहाँका मानिसहरुले युद्धपूर्वको दाँजोमा जीवन निकै फेरिएको महसुस गरेका छन्।

एक ट्याक्सी चालक हमिद हाजिजादेहले आफूले अमेरिकीहरूलाई बुझ्न नसकेको बताए। 'उनीहरू चलचित्रमा नायक हुन्। तर यहाँ उनीहरूले विद्यालय, विवाह समारोह र अन्य ठाउँमा मान्छे मारेका छन्। उनीहरूले हाम्रा सडक र पुलहरूमा बम प्रहार गरेका छन्,' उनले भने।

सात लाखभन्दा बढी जनसंख्या भएको यस सहरका बासिन्दाहरु हर्मुज जलमार्गमा देखिएको अवरोधका निकट साक्षी हुन्। जुन अवरोधको प्रभाव अहिले विश्वभर परेको छ।

मोहम्मद तोराबियन एउटा डकमा यात्रुहरूलाई सेवा प्रदान गर्छन्। समुद्री तटमा मालवहाक डुंगा तथा ट्रकहरुले ल्याएर सामान राख्ने र त्यही सामान बोकेर लैजाने स्थानलाई डक भनिन्छ। युद्धअघि, खाद्य पदार्थ र मासु बोकेका दैनिक ५० वटासम्म ट्रकहरू उक्त डकमा आउँथे। अहिले अमेरिकाले इरानका सामाग्रीहरु बाहिर निकाल्न नदिनेगरी हर्मुज आसपास नाकाबन्दी घोषणा गरेको छ। प्रभावस्वरुप, उक्त डकको अधिकांश भाग रित्तो छ।

'अहिले व्यापार बेहाल छ,' तोराबियनले भने। युद्धअघि झन्डै ५०० मानिस जीवन निर्वाहका लागि उक्त डकमा निर्भर रहेको उनले बताए। 'तर, यहाँ अहिले कुनै काम छैन,' उनले भने। इरानको सबैभन्दा ठूलो व्यवसाहिक बन्दरगाह साहिद राजाए बन्दर अब्बास शहरबाट केही किलोमिटरको दूरीमा छ। यहाँबाट सामाग्रीहरु बन्दर अब्बास ल्याइन्छ। त्यसपछि अन्य भागमा पठाइन्छ।

इरानबाट पनि यही शहर हुँदै ठूलो परिमाणमा सामाग्रीहरु बाहिरिन्छ। इरानी सरकारी सञ्चारमाध्यम इर्नाको गत वर्षको रिपोर्टले साहिद राजाएसँग १० करोड मेट्रिक टन सामाग्री व्यवस्थापन गर्ने क्षमता रहेको देखाउँछ। तर, गत अप्रिलमा अमेरिकाले नाकाबन्दी लगाएदेखि यो बन्दरगाहको अवस्था निकै खराब छ। इरानी अधिकारीहरुले यस नाकाबन्दीको कडा निन्दा गरेका छन्।

पाकिस्तानको मध्यस्थतामा चलेको वार्ता निष्कर्षमा पुग्न नसक्दा अप्रिलमा अमेरिकी सेनाले हर्मुज आसपासका बन्दरगाहहरुमा नाकाबन्दी गरेको थियो। १७ जुनमा दुबै पक्षबीच भएको ६० दिने अन्तरिम शान्ति सम्झौतामा यी नाकाबन्दी खुल्ने उल्लेख थियो।

त्यस्तै, इरानले पनि हर्मुज हुँदै अघि बढ्ने जहाजहरुलाई सहज आवगमनको व्यवस्था मिलाउने विषय सम्झौतामा उल्लेख थियो। ६० दिने अवधिमा विवादका विषय टुंग्याएर स्थायी शान्ति वार्ता गरिने समझदारी बनेकाले व्यवसायीहरु आशावादी देखिएका थिए। तर, दुबै पक्षले सम्झौता कार्यान्वयनमा रुची नदेखाकाएले, यो कागजमै सिमित रह्यो।

# युवा पुस्ताको बढ्दै राजनीतिक भूमिका



✍ डा. शोभाकर पराजुली




विश्व राजनीति पछिल्ला दशकहरूमा गहिरो संरचनात्मक परिवर्तनको चरणबाट गुज्रिरहेको छ, जसको केन्द्रमा युवा पुस्ताको बढ्दो राजनीतिक सक्रियता र प्रभाव स्पष्ट रूपमा देखिन्छ। विशेषतः जेन जेड पुस्ताको उदयसँगै राजनीतिक सहभागिता, नेतृत्वको स्वरूप, राज्य र नागरिकबीचको सम्बन्ध तथा लोकतान्त्रिक संस्थाहरूको कार्यशैलीमा नयाँ बहसहरू सुरु भएका छन्। परम्परागत राजनीतिक प्रणाली, जुन लामो समयसम्म संस्थागत दल, अनुभवी नेतृत्व, क्रमिक सत्ता हस्तान्तरण र विचारधारात्मक संघर्षमा आधारित थियो, अहिले डिजिटल युगका सचेत, आलोचनात्मक र तत्काल प्रतिक्रिया दिने युवा पुस्तासँग प्रत्यक्ष संवादमा आएको छ। यसले विश्वव्यापी रूपमा राजनीतिक संरचनालाई पुनः परिभाषित गर्न बाध्य बनाएको छ।

जेन जेड आन्दोलनहरू विश्वका विभिन्न भागमा फरक-फरक राजनीतिक, आर्थिक र सामाजिक सन्दर्भमा देखापरे पनि तिनको मूल चरित्रमा उल्लेखनीय समानता पाइन्छ। यी आन्दोलनहरू मुख्यतः प्रणालीगत असन्तोष, संस्थागत कमजोरी र राजनीतिक उत्तरदायित्वको अभावप्रति केन्द्रित छन्। ल्याटिन अमेरिका, अफ्रिका, युरोप र एसियाका विभिन्न देशहरूमा युवाहरूले भ्रष्टाचार, अवसरको असमानता, बेरोजगारी, अभिव्यक्ति स्वतन्त्रताको सीमितता, सामाजिक न्यायको अभाव र राज्य संयन्त्रको ढिलासुस्तीविरुद्ध आवाज उठाएका छन्। यी आन्दोलनहरू केवल परम्परागत सडक प्रदर्शनमा सीमित छैनन्, बरु डिजिटल माध्यममार्फत सङ्गठित हुने, सूचना प्रवाह गर्ने, जनमत निर्माण गर्ने र राजनीतिक दबाब सिर्जना गर्ने नयाँ शैलीको राजनीतिक अभिव्यक्ति हुन्।

डिजिटल प्रविधिको तीव्र विस्तारले युवाको राजनीतिक भूमिकालाई गुणात्मक रूपमा परिवर्तन गरेको छ। सामाजिक सञ्जाल, अनलाइन प्लेटफर्म, डिजिटल अभियान र नेटवर्किङ संरचनाले परम्परागत राजनीतिक सङ्गठनको एकाधिकारलाई चुनौती दिएको छ। अब राजनीतिक सहभागिता केवल पार्टी सदस्यता वा भौतिक उपस्थितिमा सीमित छैन, बरु विचार निर्माण, डिजिटल अभियान सञ्चालन, अनलाइन बहस र सार्वजनिक विमर्शमार्फत पनि सम्भव भएको छ। यसले शक्ति संरचनालाई केही हदसम्म विकेन्द्रित बनाएको छ र नागरिकलाई प्रत्यक्ष राजनीतिक संवादमा सहभागी गराएको छ तर यससँगै नयाँ चुनौतीहरू पनि उत्पन्न भएका छन्, जसमा गलत सूचना, डिजिटल ध्रुवीकरण, भावनात्मक राजनीति र सतही बहस प्रमुख छन्।

युवा पुस्ताको राजनीतिक चेतना अब परम्परागत वैचारिक सीमाभन्दा बाहिर विस्तारित भएको छ। उनीहरू केवल वाम वा दक्षिणपन्थी विचारधारामा सीमित छैनन्, बरु नीति परिणाम, सुशासन, पारदर्शिता, जलवायु परिवर्तन, लैङ्गिक समानता, मानवअधिकार र सामाजिक न्यायजस्ता व्यावहारिक विषयहरूमा केन्द्रित छन्। यसले राजनीतिक वैधताको परम्परागत आधारलाई चुनौती दिएको छ। जहाँ पुरानो पुस्ता ऐतिहासिक सङ्घर्ष, सङ्गठनात्मक अनुशासन र राजनीतिक योगदानलाई वैधताको आधार मान्छ, त्यहाँ नयाँ पुस्ता कार्यसम्पादन, जवाफदेहिता र परिणाममुखी शासनलाई वैधताको प्रमुख आधार मान्छ। यसरी हेर्दा विश्व राजनीति दुई फरक वैधता ढाँचाबीचको सङ्क्रमणकालीन अवस्थाबाट गुज्रिरहेको छ। पहिलो ढाँचा ऐतिहासिक वैधता हो, जसले विगतको सङ्घर्ष, आन्दोलन र योगदानलाई राजनीतिक अधिकारको आधार मान्छ। दोस्रो ढाँचा कार्यसम्पादन आधारित वैधता हो, जसले वर्तमान शासनको प्रभावकारिता, पारदर्शिता र परिणामलाई प्राथमिकता दिन्छ। यी दुई ढाँचाबीच सन्तुलन कायम हुन नसक्दा पुस्तागत दूरी झन गहिरो हुँदै गएको देखिन्छ।

युवा आन्दोलनहरूको अर्को महत्वपूर्ण विशेषता उनीहरूको सङ्गठनात्मक स्वरूप हो। परम्परागत राजनीतिक आन्दोलनहरू जस्तै स्पष्ट नेतृत्व संरचना, औपचारिक सङ्गठन र दीर्घकालीन वैचारिक दस्तावेजमा आधारित नहुनु यी आन्दोलनहरूको विशेषता हो। बरु यी आन्दोलनहरू नेटवर्क आधारित, विकेन्द्रित र क्षणिक रूपमा तीव्र गतिमा फैलिने प्रकृतिका हुन्छन्। यसले उनीहरूलाई लचिलो र प्रभावकारी बनाएको छ तर दीर्घकालीन संस्थागत रूपान्तरणमा चुनौती पनि थपेको छ।

नेपालको सन्दर्भमा पनि यो विश्वव्यापी प्रवृत्ति स्पष्ट रूपमा देखिन्छ। जेन जेड पुस्ता सामाजिक सञ्जाल, डिजिटल प्लेटफर्म र नागरिक बहसमार्फत राजनीतिक विषयहरूमा अत्यन्त सक्रिय देखिन्छ। बेरोजगारी, अवसरको असमानता, भ्रष्टाचार, सुशासनको अभाव र राज्य सेवाको कमजोर प्रभावकारिताप्रति उनीहरूको आलोचनात्मक दृष्टिकोण बढ्दो छ। यसले परम्परागत राजनीतिक दलहरूलाई आफ्ना सङ्गठनात्मक संरचना, नेतृत्व शैली र नीति प्राथमिकतामा पुनर्विचार गर्न बाध्य बनाएको छ तर नेपालको राजनीतिक संरचना अझै सङ्क्रमणकालीन अवस्थामा रहेकाले युवा पुस्ताको भूमिकालाई संस्थागत रूपमा समायोजन गर्ने प्रक्रिया पूर्णरूपमा विकसित हुन सकेको छैन।

राजनीतिक दलहरूभित्र आन्तरिक लोकतन्त्रको कमजोरी, नेतृत्व हस्तान्तरणको अस्पष्टता, अवसर वितरणमा असमानता र निर्णय प्रक्रियामा सीमित सहभागिताले युवा पुस्ताको विश्वास कमजोर बनाएको छ। परिणामस्वरूप, युवा ऊर्जा औपचारिक राजनीतिक संरचनाभन्दा बाहिर बढी सक्रिय देखिन्छ, जसले वैकल्पिक राजनीतिक अभिव्यक्तिको विकासलाई तीव्र बनाएको छ। विश्वव्यापी रूपमा हेर्दा, युवा राजनीतिक सक्रियता केवल असन्तोषको अभिव्यक्ति मात्र होइन, बरु राजनीतिक पुनर्संरचनाको सङ्केत पनि हो। यो परिवर्तनले राजनीतिक संस्थाहरूलाई अझ उत्तरदायी, पारदर्शी र सहभागितामूलक बनाउन दबाब सिर्जना गरेको छ तर यो परिवर्तन सहज छैन। यसले पुरानो संरचना र नयाँ अपेक्षाबीच द्वन्द्व उत्पन्न गरेको छ, जसलाई व्यवस्थापन गर्न नसकिएमा राजनीतिक अस्थिरता बढ्न सक्छ।

युवा पुस्ताको राजनीतिक भूमिकालाई तीन प्रमुख आयाममा विश्लेषण गर्न सकिन्छ। पहिलो, उनीहरू राजनीतिक चेतनाको विस्तारकर्ता हुन्, जसले सूचना प्रविधिको माध्यमबाट जनमत निर्माण गर्छन्। दोस्रो, उनीहरू राजनीतिक दबाब समूह हुन्, जसले राज्य र संस्थाहरूलाई जवाफदेही बनाउन सक्रिय भूमिका खेल्छन्। तेस्रो, उनीहरू भविष्यका नेतृत्वकर्ता हुन्, जसले दीर्घकालीन रूपमा राजनीतिक संरचनालाई पुनःपरिभाषित गर्ने क्षमता राख्छन्। तर यी भूमिकाहरू सफल हुनका लागि युवाले पनि आफ्ना सीमाहरू बुझ्न आवश्यक छ।

डिजिटल सक्रियता वा आन्दोलनमा सीमित राजनीतिक सहभागिताले दीर्घकालीन संस्थागत परिवर्तन सुनिश्चित गर्न सक्दैन। उनीहरूले नीति निर्माण, वैकल्पिक शासन मोडेल र संरचनात्मक सुधारमा पनि सक्रिय भूमिका खेल्नुपर्छ। जबसम्म युवा पुस्ता केवल बाह्य दबाब समूहका रूपमा रहन्छ, तबसम्म राजनीतिक प्रणालीमा स्थायी परिवर्तन सम्भव हुँदैन। अर्कोतर्फ, पुरानो पुस्ताको भूमिकालाई पनि पुनःपरिभाषित गर्न आवश्यक छ। उनीहरूले आफ्नो ऐतिहासिक योगदानलाई मात्र वैधताको आधार बनाएर नयाँ पुस्तालाई बाहिर राख्ने प्रवृत्ति जारी राखे भने पुस्तागत दूरी अझ गहिरो हुँदै जानेछ। अनुभवलाई मार्गदर्शनमा रूपान्तरण गर्ने र नेतृत्वलाई हस्तान्तरण गर्ने क्षमता विकास गर्नु आजको प्रमुख आवश्यकता हो।

विश्व राजनीतिक प्रणाली अहिले सङ्क्रमणकालीन चरणमा रहेको स्पष्ट देखिन्छ, जहाँ पुरानो संरचना कमजोर हुँदै गएको छ र नयाँ संरचना पूर्ण रूपमा स्थापित हुन बाँकी छ। यही सङ्क्रमणकालीन अवस्थाले पुस्तागत दूरीलाई अझ स्पष्ट बनाएको छ तर यही अवस्था परिवर्तनको अवसर पनि हो। यदि राजनीतिक संस्थाहरूले समयमै सुधार गरे भने यो सङ्क्रमणलाई सकारात्मक रूपान्तरणमा बदल्न सकिन्छ।

डिजिटल युगले राजनीतिक सहभागिताको परिभाषा नै परिवर्तन गरिदिएको छ। अब नागरिक केवल मतदान गर्ने व्यक्ति मात्र होइन, नीति निर्माणमा प्रभाव पार्ने सक्रिय सहभागी पनि बनेका छन्। यसले लोकतन्त्रलाई अझ सहभागितामूलक बनाउने सम्भावना बढाएको छ। तर यसको प्रभावकारी उपयोगका लागि संस्थागत रूपान्तरण आवश्यक छ, अन्यथा डिजिटल राजनीति र औपचारिक राजनीतिबीचको दूरी अझ बढ्न सक्छ।

अन्ततः युवा राजनीतिक परिवर्तन केवल पुस्तागत प्रतिस्थापनको विषय होइन, बरु राजनीतिक प्रणालीको गुणात्मक रूपान्तरणको प्रक्रिया हो। यो परिवर्तनले राज्य, समाज र नागरिकबीचको सम्बन्धलाई पुनःपरिभाषित गरिरहेको छ। यदि यसलाई सही दिशामा व्यवस्थापन गर्न सकियो भने यसले अझ समावेशी, उत्तरदायी र गतिशील लोकतान्त्रिक प्रणाली निर्माण गर्न सक्छ। त्यसैले आजको आवश्यकता द्वन्द्व होइन, संवाद हो; प्रतिस्पर्धा होइन, सहकार्य हो; र अविश्वास होइन, संस्थागत विश्वास निर्माण हो। जब पुरानो पुस्ताको अनुभव र नयाँ पुस्ताको नवप्रवर्तन एकीकृत हुन्छ, तब मात्र विश्व राजनीति स्थायित्व र परिवर्तनको सन्तुलन प्राप्त गर्न सक्षम हुनेछ। यही सन्तुलनले भविष्यको लोकतन्त्रलाई अझ सुदृढ, पारदर्शी र जनमुखी बनाउने आधार तयार गर्नेछ।

## महत्वपूर्ण टेलिफोन नम्बर

**एम्बुलेन्स**
एम्बुलेन्स (नेपाल रेडक्रस) : ०८३-५२०३१०
एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) : ९८४८०२०८६७
एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) : ९८२२४११५८६
शव वाहन : ०८३-५२४२३६/९८५८०४३६००
जिल्ला प्रहरी कार्यालय : १००, ०८३-५२०२२२
जिल्ला ट्राफिक कार्यालय : ०८३-५२५४९६
विद्यूत फ्यूज सेवा :०८३-५२०२६७/५२०२६५
महिला तथा बाल हेल्पलाइन : १०९८

**विमान स्थल**
सुर्खेत : ०८३-५२१९४५/५२५२१९
जुम्ला : ०८७-५२०१९०
मुगु ताल्चा :
हुम्ला : ०८७-६८००८०
डोल्पा : ०८७-५५१०१९
चौरजहारी (पश्चिम रुकुम) : ०८८-४०१०४८
नेपालगन्ज : ०८१-५६५२०५

**दमकल**
वीरेन्द्रनगर न.पा. : : १०१
भेरीगंगा न.पा. : ०८३-५४०११०, ९८५८०५१०५७
नारायण न.पा. : ०८९-४१०२०१

**अस्पताल**
दैलेख जिल्ला अस्पताल : ०८९-४१०११७
प्रदेश अस्पताल सुर्खेत : ०८३-५२३२००
सुर्खेत हस्पिटल प्रा.लि. : ०८३-५२५४१७
माया नर्सिङ्ग होम प्रा.लि. : ०८३-५२१४३०, ५२५४३०
एम्बुलेन्स (माया नर्सिङ्ग होम) : ०८३-५२१४३०
एम्बुलेन्स (देउती नर्सिङ्ग होम) : ०८३-५२०५२८
एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) : ९८४४८३५६६६
एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) : ९८६८११६०५२
जाजरकोट अपस्ताल : ०८९-४३०१२०
जिल्ला अस्पताल डोल्पा : ०८७-५५०१११
जिल्ला अस्पताल मुगु : ०८७-४६०१६२

## आजको राशिफल

**मेष** हतारको निर्णयले काम बिग्रनेछ। महत्त्वाकांक्षी योजनामा आफ्नैले बाधा पुर्याउलान्। बेसुरमा दिइएको वचनले अप्ठ्यारो पार्ने हुँदा सजग रहनुपर्नेछ।

**वृष** सहयोगीहरूले राम्रो साथ दिनाले चिताएका काम सम्पादन हुनेछन्। पुरुषार्थद्वारा प्रतिस्पर्धीहरूलाई पछि पार्न सफल भइनेछ।

**मिथुन** अवसर आए पनि आत्मविश्वासको कमीले पछि परिनेछ। शुभचिन्तकहरूको भावनालाई बेवास्ता गर्दा दुःख पाइनेछ।

**कर्कट** सोख, खानपान र साजसज्जामा खर्च गर्नुपर्ने समय छ। तापनि नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन्।

**सिंह** समयमा होस नपुग्नाले व्यवहारमा पछि परिएला। आफ्नाबाटै टाढिनुपर्ने स्थिति आउन सक्छ। अवसरका लागि निकै दौडधुप गर्नुपर्नेछ।

**कन्या** भौतिक साधन जुट्नाले प्रसन्नता मिल्नेछ। आयआर्जनका स्रोत बढ्नेछन् भने व्यापारमा पनि राम्रै फाइदा हुनेछ।

**तुला** प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ। मिहिनेतले लक्ष्यमा पुर्याउनेछ। छोटो समयमा पुरुषार्थी काम सम्पादन हुनेछ।

**वृश्चिक** परिस्थितिवश चिताएको काम रोकिन सक्छ। हल्लाको पछि लाग्दा आफ्ना कामबाट अरूले फाइदा उठाउन सक्छन्।

**धनु** सानातिना काममा अल्झनुपरे पनि बुद्धिको उपयोगले समस्या पहिचान हुनेछ। तत्काल उपलब्धि प्राप्त नभए पनि सम्भावना खोजी गर्ने समय छ।

**मकर** पहिलेको सफलताले हौसला जगाउनेछ। नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन्। काम बन्नुका साथै धनलाभ हुनेछ।

**कुम्भ** स्वास्थ्य सबल बन्नुका साथै काममा उत्साह जाग्नेछ। चुनौती पन्छाएर पनि काम बनाउन सकिनेछ। शत्रुहरू किनारा लाग्नेछन्।

**मीन** परिस्थितिअनुसार चल्न नसक्ता दुःख पाइनेछ। समयतालिका नमिल्दा आफ्ना कामबाट अरूले फाइदा उठाउन सक्छन्।

युगआह्वान
राष्ट्रिय दैनिक

# सुर्खेतमा 'जेन्जी चोक' घोषणा, विद्रोहका उपलब्धि र क्षतिबारे गम्भीर बहस

**प्रभुराम पाण्डे**
**सुर्खेत, २३ भदौ ।**

जेन्जी दिवस तथा जेन्जी विद्रोहको स्मरणमा सुर्खेतको घण्टाघर परिसरमा 'जेन्जी विद्रोह स् के पायौँ, के गुमायौँरु' विषयक कार्यक्रम सम्पन्न भएको छ।

जेन्जी परिषद्, कर्णाली प्रदेशको आयोजनामा भएको कार्यक्रममा विद्रोहका क्रममा ज्यान गुमाउने शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै दीप प्रज्वलन गरिएको थियो। आन्दोलनका क्रममा दुवै आँखा गुमाएका सन्तोष बोहरासहित युवा, राजनीतिक दलका प्रतिनिधि तथा विभिन्न क्षेत्रका सरोकारवालाहरूको सहभागिता रहेको थियो।

कार्यक्रमकै अवसरमा घण्टाघर नजिक रहेको गोलो घेरा भएको स्थानलाई 'जेन्जी चोक' घोषणा गरिएको छ। सरकार र जेन्जीबीच भएको सम्झौताका हस्ताक्षरकर्तासमेत रहेका जेन्जी परिषद्, कर्णाली प्रदेशका संयोजक प्रकाश खड्काले बोर्ड अनावरण गर्दै चोक घोषणा गरेका हुन्।

चोक घोषणा गर्दै संयोजक खड्काले जेन्जी विद्रोह युवाको असन्तुष्टिको मात्र अभिव्यक्ति नभई राज्यसँग जवाफदेहिता, सुशासन र परिवर्तनको माग गरिएको आन्दोलन भएको बताए।




"विद्रोहमा ठूलो क्षति भएको छ। धेरै युवाले आफ्नो जीवन र भविष्य जोखिममा राखेका छन्। अब आन्दोलनका उपलब्धिलाई संस्थागत गर्दै शहीद तथा घाइतेको योगदानको सम्मान गर्नु र युवाका सवाललाई राज्यको नीति निर्माणसँग जोड्नु आवश्यक छ," उनले भने।

कार्यक्रममा जेन्जी प्रतिनिधि टेक चन्द खड्का, नेकपाका वृद्ध नेता तुला सेरुवा, नेपाली कांग्रेसका तर्फबाट देवकुमार सुवेदी तथा राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट हरि कँडेल लगायतले विद्रोहको उपलब्धि, क्षति र आगामी दिशाबारे आ-आफ्नो धारणा राखेका थिए।

टेक चन्द खड्काले जेन्जी आन्दोलनले युवाको आवाजलाई राष्ट्रिय बहसको केन्द्रमा ल्याएको भन्दै अब आन्दोलनबाट उठेका सवाललाई व्यवहारमा कार्यान्वयन गर्नुपर्ने बताए। उनका अनुसार युवाको सहभागिता र नेतृत्वबिना देशमा अपेक्षित परिवर्तन सम्भव नहुने भएकाले राजनीतिक दल र राज्यले नयाँ पुस्ताको भावना बुझ्न आवश्यक छ।

नेकपाका वृद्ध नेता तुला तिरुवाले युवाको ऊर्जा र परिवर्तनको चाहनालाई सकारात्मक दिशामा प्रयोग गर्नुपर्ने धारणा राखे। उनले आन्दोलनका उपलब्धिलाई संस्थागत गर्दै देशको समग्र राजनीतिक तथा सामाजिक रूपान्तरणमा युवालाई निर्णायक भूमिकामा ल्याउनुपर्ने बताए।

नेपाली कांग्रेसका तर्फबाट सहभागी देवकुमार सुवेदीले युवाले उठाएका जायज सवाललाई राजनीतिक दलहरूले गम्भीरतापूर्वक लिनुपर्ने बताए। उनले लोकतान्त्रिक अभ्यासमार्फत युवाको आवाजलाई राज्य सञ्चालनसँग जोड्दै अघि बढ्नुपर्ने धारणा राखे।

राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट सहभागी हरि कँडेलले जेन्जी विद्रोहले पुरानो राजनीतिक सोच र कार्यशैलीमाथि गम्भीर प्रश्न उठाएको बताए। उनले युवाको अपेक्षा सम्बोधन गर्न सुशासन, पारदर्शिता र जवाफदेहितालाई व्यवहारमै लागू गर्नुपर्नेमा जोड दिए।

कार्यक्रममा विद्रोहका क्रममा भएको क्षति, प्राप्त उपलब्धि, वर्तमान अवस्था तथा आगामी कार्यदिशाबारे समेत छलफल गरिएको थियो। कार्यक्रमको सहजीकरण तथा सञ्चालन प्रभुराम पाण्डेले गरेका थिए।

कार्यक्रमको अन्त्यमा शहीदहरूको स्मरण तथा सम्मानमा दीप प्रज्वलन गर्दै आगामी दिनमा युवाको आवाजलाई रचनात्मक र उपलब्धिमूलक ढंगले अघि बढाउने प्रतिबद्धतासहित कार्यक्रम सम्पन्न गरिएको आयोजकले जनाएको छ।

# राहत कोषमा बौद्ध ग्रामीण सहकारीको ३ लाख २२ हजार सहयोग

**युग संवाददाता**
**सुर्खेत, २३ भदौ ।**

रसुवा जिल्लाको भोटेकोशी क्षेत्रमा आएको विनाशकारी बाढीबाट प्रभावित परिवारको राहत तथा पुनःस्थापनाका लागि बौद्ध ग्रामीण बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड सुर्खेतले ३ लाख २२ हजार ७५ रुपैयाँ आर्थिक सहयोग गरेको छ।

बाढीका कारण ठूलो जनधनको क्षति भएको भन्दै सहकारीले पीडितप्रति दुःख व्यक्त गर्दै प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा उक्त रकम सहयोग गरेको हो। सहकारी संस्थाका अनुसार बाढीबाट ज्यान गुमाएका सम्पूर्णप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजन, आफन्त तथा प्रियजनप्रति हार्दिक समवेदना व्यक्त गरिएको छ। साथै बाढीका कारण घाइते, बेपत्ता तथा विस्थापित भएका र घर, व्यवसाय, सम्पत्ति तथा जीविकोपार्जनको आधार गुमाएका नागरिकप्रति सहकारीले गहिरो सहानुभूति व्यक्त गरेको छ।

विपद्को कठिन घडीमा सामाजिक उत्तरदायित्व र मानवीय संवेदनालाई आत्मसात् गर्दै सहकारी संस्थाको सञ्चालक समिति, कर्मचारी परिवार तथा संस्थाको तर्फबाट प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ३ लाख २२ हजार ७५ रुपैयाँ आर्थिक सहयोग गरिएको सहकारीका प्रमुख कार्यकारी अधिकृत विशाल केसीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

सहकारीले विपद्बाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनाका लागि आफ्नो क्षमता र इच्छाअनुसार सहयोग गर्न सबैमा अपिलसमेत गरेको छ। संस्थाले विपद्को समयमा मानवीय सेवामा हातेमालो गर्दै पीडित नागरिकलाई सहयोग पुऱ्याउनु सबैको साझा दायित्व भएको जनाएको छ।

# राष्ट्रिय कृषक समूह महासंघको १६औँ स्थापना दिवस

**युग संवाददाता**
**सुर्खेत, २३ भदौ ।**




राष्ट्रिय कृषक समूह महासंघ नेपालको १६ औँ स्थापना दिवस सुर्खेतको भेरीगंगा नगरपालिकामा विभिन्न कार्यक्रम गरी मनाइएको छ। बेलायत सरकारको आर्थिक सहयोग तथा राष्ट्रिय कृषक समूह महासंघ नेपालको सहकार्यमा सञ्चालित एक्टिभ परियोजना अन्तर्गत कार्यक्रम आयोजना गरिएको हो।

राष्ट्रिय कृषक समूह महासंघ कर्णाली प्रदेशका अध्यक्ष सन्तबहादुर केसीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा कृषक समूह महासंघ नगर स्तरिय भेरीगंगा, लेकबेशी र वीरेन्द्रनगरका पदाधिकारी तथा सदस्यहरू, केन्द्रीय सदस्यलगायत कृषक समूहका प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

कार्यक्रममा राष्ट्रिय कृषक समूह महासंघकी केन्द्रीय सदस्य लिलावती ढकाल, प्रदेश उपाध्यक्ष विद्या आचार्य, प्रदेश सल्लाहकार सशिराम आचार्य, भेरीगंगा नगर स्तरिय महासंघका अध्यक्ष पूर्णबहादुर खत्री, सहसचिव मोहनकुमार खत्री, लेकबैंसी नगर स्तरिय महासंघका सदस्य तथा पदाधिकारी, वीरेन्द्रनगर नगर स्तरिय महासंघका पदाधिकारी तथा सदस्यलगायतको उपस्थिति रहेको थियो।

कार्यक्रममा सहभागीहरूले कृषकको हकहित, कृषि क्षेत्रको विकास, किसानका समस्या समाधान तथा कृषक समूहलाई थप व्यवस्थित र सशक्त बनाउन महासंघले खेल्दै आएको भूमिकाबारे चर्चा गरेका थिए। कृषकका समस्या राज्यका सम्बन्धित निकायसम्म पुऱ्याउने, किसानलाई संगठित गर्ने तथा कृषि उत्पादन र उद्यमशीलता प्रवर्द्धनमा कृषक समूह महासंघको भूमिका महत्वपूर्ण रहेको सहभागीहरूको भनाइ थियो।

कार्यक्रममा कर्णाली प्रदेशका विभिन्न पालिकाबाट कृषक समूहका प्रतिनिधि तथा महासंघका पदाधिकारीहरूको समेत सहभागिता रहेको थियो।

# 'जेनजी' आन्दोलनको एक वर्षः पूर्वाधार क्षेत्रमा कानुनी सुधारदेखि सुरुङमार्गसम्म

**युग संवाददाता**
**काठमाडौँ, २३ भदौ ।**

नेपालको पूर्वाधार तथा विकास निर्माणका क्षेत्रमा 'जेनजी' आन्दोलनपश्चात्को वर्षदिनमा थुप्रै नीतिगत र कानुनी सुधारका प्रयास भइरहेका छन्। मुलुकको विकास निर्माणमा वर्षौंदेखिको बाधकका रुपमा चित्रण गरिएको 'सार्वजनिक खरिद ऐन, २०६३' जेनजी आन्दोलनपछिको निर्वाचित वर्तमान सरकारले संशोधन गरी समयसापेक्ष बनाएको छ। पूर्वाधार निर्माण र विकास आयोजनाका क्षेत्रमा यो कानुनको समयसापेक्ष संशोधन र परिमार्जनलाई एक महत्वपूर्ण कदमका रुपमा लिइएको छ।

पूर्वाधार निर्माण क्षेत्रमा देखिएका जटिलता र बाधा-व्यवधानलाई यसले क्रमशः अन्त्य गर्दै पूर्वाधार तथा विकास निर्माणमा सहजता ल्याउने कडीको रुपमा हेरिएको छ। सडक विभागका महानिर्देशक डा विजय जैसीले जेनजी आन्दोलनपश्चात् बनेको सरकारले सार्वजनिक खरिद (दोस्रो संशोधन) मार्फत नीतिगत र कानुनी रुपमा सुधारको उल्लेखनीय काम गरेको बताउँछन्।

## सुरुङ...

माथिल्लो त्रिशूली-३ 'ए' को सुरुङबाट दुई जना कामदारलाई नौ दिनपछि जीवित उद्धार गरियो। उद्धारकर्ताले सुरुङभित्रबाट आवाज सुनेपछि उनीहरू रहेको स्थान पत्ता लगाएका थिए।

त्यस्तै, सुरुङमा फसेका एक चिनियाँ नागरिकको आइतबार पनि सकुशल उद्धार गरिएको छ। यी उद्धारसँगै गम्भीर प्रश्न पनि सतहमा आएका छन्, सुरुङभित्र मानिस फस्दा नेपालसँग उनीहरूलाई तत्काल खोज्न र उद्धार गर्न आवश्यक प्रविधि तथा जनशक्ति कति छ ? नेपालमा सुरुङ उद्धारको अनुभव छैन ? नेपालका लागि सुरुङभित्र मानिस फसेको यो पहिलो घटना भने होइन।

२०७६ सालमा रसुवागढी जलविद्युत् आयोजनाको सुरुङभित्र १७ जना कामदार फसेका थिए। सुरुङको प्रवेशमार्गमा पहिरो खसेपछि उनीहरू थुनिएका थिए। उद्धार टोलीले करिब १० घण्टापछि सबैलाई सकुशल बाहिर निकाल्न सफल भएको थियो। त्यो घटना अहिलेको रसुवा बाढीको तुलनामा निकै सानो थियो। त्यतिबेला १७ जना मात्र सुरुङमा फसेका थिए। सुरुङभित्र पानी र ठूलो मात्रामा लेदो पसेर लामो दूरीसम्म बाटो बन्द भएको अवस्था थिएन। यसपटक भने समस्या एउटै आयोजनामा सीमित छैन। बाढीले एउटै नदी प्रणालीका धेरै आयोजनालाई एकैपटक प्रभावित बनाएको छ। कतै सुरुङको मुखमा लेदो र भग्नावशेष थुप्रिएको छ, कतै नदीको पानीको सतह बढेको छ र कतै विद्युत्गृहसम्म पुग्ने बाटो नै छैन।

रसुवागढी आयोजनामा मात्रै ९३ जना सम्पर्कविहीन छन्। सुरुङको मुखनजिक हेलिकोप्टर अवतरण गर्ने सुरक्षित स्थान नहुनु र नदीमा पानीको सतह बढ्दा भूमिगत विद्युत्गृहसम्म पुग्न कठिन हुँदा समयमै उद्धार कार्य अघि बढ्न सकेन। अर्थात् नेपालसँग उद्धारको केही अनुभव भए पनि एकैपटक धेरै आयोजनामा ठूलो संख्यामा मानिस फसेको अवस्थामा कसरी उद्धार गर्ने भन्ने अभ्यास र तयारीको कमी अहिले देखिएको छ।

सरकारले ढिलो गरी सुरुङ उद्धार थाल्यो। घटना घटेलगत्तै जलविद्युत् प्रवर्द्धक कम्पनी, तिनका परामर्शदातासँगै भारत र चीनले समेत सुरुङ उद्धारमा चासो दिएका थिए। तर, सरकारले समयमै उक्त चासोलाई गम्भीरतापूर्वक लिन सकेन। तीन दिनसम्म नदी तटीय क्षेत्रमा उद्धारको कार्यलाई तीव्र बनाएको सरकारले चार दिन पुगेपछि मात्रै क्षतिग्रस्त आयोजनाको रेकी गर्न नेपाली सेनालाई खटाएको थियो।

बाढीपछि लाङटाङ खोला जलविद्युत् आयोजनाको सुरुङमा फसेकाहरूको खोजी गर्न नेपाली सेना, प्रहरी र आयोजनाका प्राविधिक परिचालन भए। सुरुङमा प्रवेश गर्न पेनस्टक पाइप काटेर बाटो बनाइयो। त्यसपछि उद्धार टोली करिब एक सय ५० मिटरभित्रसम्म पुग्यो। नौ दिनपछि दुई जनाको शव भेटियो। अझै धेरैको अवस्था अज्ञात छ। सरकारी उद्धार टोलीको डेग नचलेपछि प्रवर्द्धक कम्पनीका इन्जिनियरहरूले सुरुङको मुख खोलेपछि नेपाली सेना उद्धारका लागि सुरुङ प्रवेश गरेको थियो।

यो घटनाले सुरुङ उद्धारमा अर्को कठिन पक्ष देखाउँछ। बाहिरबाट सुरुङ देखिए पनि भित्रको अवस्था थाहा हुँदैन। पानी, हिलो, ढुंगा, भग्नावशेष, अक्सिजनको अवस्था र थप संरचना भत्किन सक्ने जोखिमका कारण उद्धारकर्ता आफैँ पनि जोखिममा हुन्छन्। चिलिमे जलविद्युत् आयोजनाको भूमिगत विद्युत्गृहमा फसेकाहरूको खोजीमा पनि कठिनाइ देखियो। मेसिनरी उपकरण प्रयोग गरेर सुरुङ सफा गर्न सम्भव नभएपछि नेपाली र भारतीय सेनाको टोलीले खोजी तथा उद्धारको काम अघि बढाए। बाढीपछि नदीको पानीको सतह करिब १० मिटर बढेको र बालुवा, हिलो तथा लेदो थुप्रिएपछि तत्काल उद्धारमा जटिलता थपिन पुग्यो। यसले अर्को प्रश्न जन्मायो, नेपालमा आफ्नै विशेष सुरुङ उद्धार टोली र आवश्यक उपकरण पर्याप्त छन् कि छैनन् ? छैनन्।

रसुवा बाढीपछि जलविद्युत् आयोजनाको सुरुङमा फसेका कामदारको उद्धारमा भएको ढिलाइले नेपालमा जटिल सुरुङ उद्धारका लागि आवश्यक पूर्वतयारी नरहेको देखाएको विपत्विज्ञ तथा पूर्वशिक्षामन्त्री डा. गंगालाल तुलाधर बताउँछन्। तुलाधरका अनुसार सरकारले आफ्नै क्षमताले सम्भव नहुने अवस्था पहिचान गरेर विपत्को पहिलो दिनदेखि नै अन्तर ाष्ट्रिय सहयोग लिन सक्नुपर्थ्यो। चीन, जापान, दक्षिण कोरिया र भारतजस्ता मुलुकमा विशेष उद्धार टोली र प्रविधि हुँदाहुँदै पनि सुरुवाती चरणमा सहयोग लिन हिचकिचाउनु कमजोरी भएको उनले बताए।

नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीले आफ्नो क्षमताअनुसार खोज तथा उद्धारमा गरेको काम प्रशंसनीय भए पनि सुरुङभित्र फसेकाको उद्धारका लागि विशेष उपकरण, प्रविधि र दक्ष जनशक्ति आवश्यक पर्ने तुलाधरको भनाइ छ। 'पहिलो दिनदेखि नै विशेष उद्धार टोली परिचालन गर्न सकेको भए मानवीय क्षति कम गर्न सकिन्थ्यो,' उनले भने।

### भोटेकोसीले सिकाएको ठूलो पाठ

भोटेकोसीको बाढी नेपालकै इतिहासमा ठूलो र महाविनाशकारी प्राकृतिक विपत् थियो। तर, विपत् पछि मानिसको जीवन बचाउने मुख्य जिम्मेवारी राज्य र आयोजनाको। दुई जना कामदार नौ दिनपछि जीवित भेटिनु एउटा ठूलो सफलता हो। तर, अन्य सम्पर्कविहीनको अवस्था अझै अज्ञात छ।

त्यसैले अहिलेको प्राथमिकता उद्धार सकिएको घोषणा गर्नु नभई सुरुङभित्र जीवनको सम्भावना रहेसम्म खोजी जारी राख्नु हो। र, उद्धार सकिएपछि अर्को काम सुरु हुनुपर्छ, भोटेकोसीमा के भयो भनेर मात्र होइन, अब यस्तो घटना दोहोरिँदा नेपालसँग कति तयारी छ भनेर गम्भीर समीक्षा हुनुपर्दछ। किनकि आज भोटेकोसीका सुरुङमा मानिस फसेका छन्। भोली नेपालको अर्को कुनै जलविद्युत् आयोजना, सडक सुरुङ वा भूमिगत संरचनामा यस्तै घटना हुन सक्छ।

त्यसअघि नै नेपालले जवाफ खोज्नुपर्छ, हामीसँग सुरुङ बनाउने क्षमता छ, तर सुरुङभित्र फसेको जीवन बचाउने क्षमता कति छ ? त्यसै पनि नेपालका अधिकांश ठूला हिमनदीका मुहान तिब्बतमा भएकाले जोखिमयुक्त हिमतालको प्रत्यक्ष असर नेपालमा पर्छ। पूर्वको अरुण, दूधकोसी, तामाकोसी, भोटेकोसी, बुढीगण्डकी, मर्स्याङ्दी, हुम्ला कर्णालीका मुहान् तिब्बत भएकाले यी नदी जलाधार क्षेत्रमा रहेका हिमतालमा तलमाथि भए त्यसको प्रत्यक्ष र ठूलो असर नेपालमा पर्ने विज्ञहरू बताउँछन्।

तिब्बतमा हिमताल फुट्दा यी नदी जलाधार क्षेत्रमा भोटेकोसीको जस्तै नगन्य मात्रामा क्षति हुन सक्ने मध्यपश्चिम विश्वविद्यालयका रजिस्ट्रारसमेत रहेका जलवायुविज्ञ सुदीप ठकुरी बताउँछन्। भोटेकोसीजस्ता विनाशकारी बाढीबाट हुन सक्ने जनधनको क्षतिलाई रोक्न नियमित हिमालहरूको निगरानी, वैज्ञानिक अनुसन्धान र अन्तरदेशीय पूर्वचेतावनी सूचना प्रणालीको बलियो संयन्त्र निर्माण गर्न ढिलाई गर्न नहुने ठकुरी बताउँछन्।

## नेपाल भलिबल लिगः
# कर्णालीको लगातार तेस्रो जित

**युग संवाददाता**
**काठमाडौँ, २३ भदौ ।**

नेपाल भलिबल लिग (एनभिएल) २०२६ मा कर्णाली शिवराजले लगातार तेस्रो जित दर्ता गरेको छ। तेस्रो जित दर्ता गर्ने क्रममा मंगलबार सम्पन्न प्रतिस्पर्धात्मक खेलमा कर्णालीले सगरमाथा स्म्यासर्सलाई ३-२ सेट अन्तरले फराजित गरेको छ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्डहलमा सम्पन्न खेलमा कर्णालीले पहिलो सेट २५-१६ ले जित्दै उत्कृष्ट सुरुआत गरेको थियो। यद्यपि दोस्रो सेटमा भने २३-२५ ले पराजित भयो। तेस्रो सेटमा उत्कृष्ट पुनरागमन गर्दै कर्णालीले २५-२३ ले विजयी भएको थियो।

चौथो सेट भने सगरमाथाले २५-१९ ले जित्दै खेल पाँचौँ सेटसम्म पुग्यो। निर्णायक सेटमा कर्णालीले १५-९ को जित निकाल्दै आफ्नो अपराजय यात्रा जारी राखेको छ। यो जितपछि कर्णालीले तीन खेलबाट आठ अङ्क पुऱ्याएको छ। सगरमाथासँग तीन खेलबाट सात अङ्क छ। उसले अघिल्लो खेलमा मधेस वारियर्स र खप्तड फाल्कोन्सविरुद्ध जित निकालेको थियो।

अपराजित कर्णालीले पहिलो खेलमा अन्नपूर्ण स्पाइकर किङ्ग्स र दोस्रो खेलमा खप्तड फाल्कोन्सलाई हराएको थियो। सोमबार सम्पन्न पहिलो खेलमा अन्नपूर्ण स्पाइकर किङ्ग्सले मधेस वारियर्सलाई ३-१ सेटले हराएको थियो।

एनभिएलको पहिलो सिजनमा छ टोलीले प्रतिस्पर्धा गरिरहेका छन्। भदौ २७ गतेसम्म सञ्चालन हुने लिगको विजेता टोलीले रु २० लाख प्राप्त गर्ने आयोजक केडिया ग्रुपले जनाएको छ।

**नामलान खोला अर्धजलाशययुक्त जलविद्युत आयोजना (१३५ मेगावाट) को वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारीको सार्वजनिक सुनुवाईको सूचना**

**(प्रकाशन मिति २०८३/०५/२४)**

कर्णाली प्रदेश, मुगु जिल्ला, मुगुम कार्मारोङ्ग गाउँपालिकामा अपोलो इनर्जी प्रा.लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | अपोलो इनर्जी प्रा.लि., का.म.पा- १०, काठमाडौं, बागमती, नेपाल<br>फोन नं: ९७७-१-५९१२८१२/१३/१४<br>इ-मेल: info@golyangroup.com वेबसाइट: https://golyan.com |
| **प्रस्तावको व्यहोरा** | यस आयोजना कर्णाली प्रदेश अन्तर्गतको मुगु जिल्लाको मुगुम कार्मारोङ्ग गाउँपालिका वडा नं ३ र ४ मा सम्पूर्ण संरचना पर्नेगरि निर्माण हुने छ। यस क्षेत्र छायाँनाथ राष्ट्रिय निकुन्जको मध्यवर्ती क्षेत्रमा समेत पर्दछ। मुगुम कार्मारोङ्ग गाउँपालिका वडा नं ४ को कुमाईथानमा बन्ने बाँध स्थलबाट लागिएको पानीलाई करिब ४,९५२.६७ मि. लामो भूमिगत Headrace Tunnel र ४१२.४० मि. लामो भूमिगत Penstock Pipe मार्फत मुगुम कार्मारोङ्ग गाउँपालिका वडा नं ३ र ४ मा निर्माण हुने भूमिगत विद्युतगृहमा खसालिन्छ र करिब १३५ मेगावाट विजुली उत्पादन गरिन्छ। यस आयोजना अन्तर्गत पर्ने वडा नं १, ५, र ६ भने अप्रत्यक्ष रुपमा प्रभावित हुने छन्। |
| **प्रभाव पर्ने सक्ने जिल्ला/न.पा/गा.पा.** | मुगु जिल्ला, मुगुम कार्मारोङ्ग गाउँपालिका वडा नं १, ३, ४, ५, र ६ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाब लिन आवश्यक भएकोले निम्न मिति तथा स्थानमा सार्वजनिक सुनुवाई कार्यक्रम हुने भएकोले उक्त कार्यक्रममा उपस्थित भई आफ्नो राय सुझाब उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

कार्यक्रम हुने मिति तथा स्थान:

| | |
|---|---|
| **मिति** | २०८३/०५/३१ बुधबार |
| **समय** | बिहान ९:०० बजे |
| **स्थान** | मुगुम कार्मारोङ्ग गा.पा. वडा नं ४ को कार्यालय, किम्री |

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान
राष्ट्रिय दैनिक

# बाजुराको साँफे-मार्तडी सडक सञ्चालनमा



**युग संवाददाता**
**बाजुरा, २३ भदौ ।**
पहिरोकाकारण तीन दिनदेखि अवरुद्ध साँफे-मार्तडी सडक सञ्चालनमा आएको छ। गत शनिबारदेखिको अविरल वर्षापछि उक्त खण्डको विभिन्न ठाउँमा पहिरो जाँदा सडक पूर्ण रुपमा अवरुद्ध रहेकोमा केहीबेर अघिदेखि सञ्चालनमा आएको हो। स्थानीय बडीमालिका नगरपालिका वडा नं ६, ८ र ९ का विभिन्न स्थानमा पहिरो गएसँगै उक्त सडक पूर्ण रुपमा यातायात ठप्प भएको थियो।

आइतबारदेखि सडक विभागका दुईवटा जेसिबी प्रयोग गरी पहिरो पन्छाएर सडक सञ्चालनमा ल्याइएको प्रमुख जिल्ला अधिकारी डोरेन्द्र निरौलाले जानकारी दिए। उनका अनुसार सदरमुकाम नजिकै कारागार मोड, सेलागाड, सुवाकाँध, राप्का, बिरेखोलालगायतका स्थानमा पहिरो खसेको र लगातारको वर्षाले हटाउन समस्या हुँदा सडक सुचारु गर्न केही ढिलाइ भएको हो।

सडक सञ्चालनमा आएसँगै सदरमुकाम मार्तडीबाट आवतजावत गर्ने लामो तथा छोटो दुरीका सवारीसाधन आ-आफ्नो गन्तव्यतर्फ लागेका छन्। कारागार मोड नजिकै सडकमा ठूलो ढुङ्गा खसेका कारण त्यो पन्छाउन नसक्दा बस र ट्रकलगायतका ठूला सवारीसाधन भने चल्न सकेका छैनन्। जिल्ला प्रहरी कार्यालयकाअनुसार सो ठाउँमा मेसिन लगाएर अहिले मर्मत कार्य भइरहेको छ।

**विद्युत् पनि आजै सञ्चालन हुने**

गत शनिबार रातिको अविरल वर्षापछि पहिरोले विद्युतका ३२ वटा खम्बा ढलेपछि बाजुरा जिल्लाभर अवरुद्ध राष्ट्रिय प्रसारण लाइनको विद्युत् सेवा आज साँझसम्म सुचारु गर्ने गरी काम भइरहेको छ।

प्रमुख जिल्ला अधिकारी निरौलाकाअनुसार साँझसम्म ११ केभी विद्युत् लाइन मर्मत गरी सञ्चालनमा ल्याइने जानकारी दिए। त्यस क्षेत्रमा ३३ केभी प्रसारण लाइनका धेरै खम्बा पहिरोले ढलेपछि पुनः सञ्चालन गर्न केही समय लाग्ने देखिएपछि मार्तडीमा आज ११ केभी सुचारु गरिने उनले बताए।

# इजरायलमा १४६४ केयर गिभरको लागि आवेदन खुला

**युग संवाददाता**
**काठमाडौँ, २३ भदौ ।**
नेपाल सरकार र इजरायल सरकारबीच भएको श्रम सम्झौताअनुसार इजरायलका दीर्घकालीन स्याहार केन्द्रमा सहायक कामदार (केयर गिभर) का रूपमा जान इच्छुक नेपाली नागरिकका लागि आवेदन खुला गरिएको छ।

वैदेशिक रोजगार विभागले जारी गरेको सूचना अनुसार इजरायलका दीर्घकालीन स्याहार केन्द्रमा सहायक कामदार छनोटका लागि १ हजार ४६४ जना माग गरिएको हो। मागमध्ये १ हजार १३२ जना महिला र ३३२ जना पुरुष छन्।

छनौट भएका कामदारले इजरायली सरकारको नियमअनुसार काम गर्नुपर्ने छ। इच्छुक कामदारले असोज २६ गतेसम्म अनलाइनमार्फत आवेदन दिन सकिने विभागले जनाएको छ। आवेदन विभागको वेबसाइटमा उपलब्ध प्रणालीमार्फत बुझाउनुपर्नेछ।

**यस्ता छन् योग्यता**

आवेदक नेपाली नागरिक हुनुपर्नेछ। आवेदन दिने अन्तिम दिनसम्म २५ वर्ष पूरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेछ। साथै, कम्तीमा १.५ मिटर उचाइ र ४५ किलोग्राम तौल भएको हुनुपर्ने सूचनामा उल्लेख छ।



शैक्षिक योग्यताका रूपमा कम्तीमा कक्षा १० उत्तीर्ण गरी अनमी वा सीएमए सम्बन्धी विषयमा कम्तीमा १५ महिनाको अध्ययन पूरा गरेको वा १०+२ वा सो सरहको शैक्षिक योग्यता हासिल गरी नेपाल सरकारबाट मान्यता प्राप्त संस्थाबाट केयरगिभिङसम्बन्धी कम्तीमा तीन महिनाको तालिम लिएको हुनुपर्नेछ।

आवेदकसँग आवेदन दिने अन्तिम मितिसम्म कम्तीमा एक वर्ष अवधि बाँकी रहेको पासपोर्ट हुनुपर्नेछ। यसअघि इजरायलमा गई काम नगरेको हुनुपर्ने तथा बुबा, आमा, पति, पत्नी, छोरा वा छोरी इजरायलमा बसोबास वा कार्यरत नरहेको हुनुपर्नेछ।

त्यसैगरी आवेदक शारीरिक तथा मानसिक रूपमा स्वस्थ हुनुपर्ने र क्षयरोग, हेपाटाइटिस, मिर्गौला, गोनोरिया, एड्सलगायतका रोगबाट संक्रमित नभएको हुनुपर्नेछ।

**छनौंट प्रक्रिया लटरीबाट**

आवेदन स्वीकृत भएका उम्मेदवारको सूची पीबामा जाँचको लागि पठाइने छ। त्यसपछि सफल उम्मेदवारको सूची विभागको वेबसाइटमा प्रकाशित गरिनेछ र सम्बन्धित स्वास्थ्य संस्थाबाट तोकिएबमोजिम स्वास्थ्य परीक्षण गरिनेछ।

इजरायलको पीवाले कुल संख्याको करिब ८० प्रतिशत कामदार चिठ्ठा अर्थात् लटरीमार्फत छनोट गर्ने छ। लटरीमा छनोट नभएका उम्मेदवारलाई रोजगार प्रक्रियामा समावेश गर्न नसकिने सूचनामा भनिएको छ। छनौंट भएका कामदारको रोजगार सम्झौता हस्ताक्षरका लागि विभागले सहजीकरण गर्नेछ। रोजगार सम्झौता भएपछि विभागबाट श्रम स्वीकृति प्रदान गरिनेछ।

# पहिरो खस्दा महाकाली राजमार्ग अवरुद्ध

**युग संवाददाता**
**बैतडी, २३ भदौ ।**
बैतडीको दोगडाकेदार गाउँपालिका-५ बिटकममा पहिरो खस्दा महाकाली राजमार्ग अवरुद्ध भएको छ। सडकमाथिबाट पहिरोका कारण बैतडी-जोड्ने महाकाली राजमार्ग अवरुद्ध भएको हो। मंगलबार बिहान सडकखण्डमाथिबाट ढुङ्गासहितको पहिरो खसेर सडक अवरुद्ध जिल्ला प्रहरी कार्यालय बैतडीका प्रमुख प्रहरी नायब उपरीक्षक दीपककुमार रायले जानकारी दिए। अहिले जेसिबीले सडकमा खसेको पहिरो हटाउने काम भैरहेको उनले जानकारी दिए। पहिरोका कारण यातायात सेवा प्रभावित भएको छ।

## अब...

विकसित छ भन्ने प्रश्नको उत्तर अहिलेको बाढीले खोजेको छ। सुरुङ निर्माण गर्न सक्ने जनशक्ति र सुरुङभित्र विपत् आएपछि मानिसको ज्यान बचाउन सक्ने उद्धार जनशक्ति एउटै होइन।

नेपालले अब प्रत्येक ठूला जलविद्युत् आयोजनालाई आफ्नै उद्धार योजनामा मात्र छोडेर पुग्दैन। सम्भावित ठूलो दुर्घटनाका लागि राष्ट्रियस्तरको विशेष सुरुङ उद्धार संयन्त्र निर्माण गर्न आवश्यक देखिन्छ। भविष्यमा जलविद्युत् आयोजनाका सुरुङमा हुने दुर्घटनाका लागि सरकारले विशेषीकृत उद्धार संयन्त्र, दक्ष जनशक्ति, आवश्यक उपकरण र तालिमसहितको स्थायी प्रणाली बनाउनुपर्ने विपत् विज्ञ तुलाधरले बताए। त्यसका लागि छुट्टै कोषको व्यवस्था गर्नुपर्ने तुलाधरको सुझाव छ।

तुलाधरले अब खोज तथा उद्धारसँगै विस्थापितलाई तत्काल अस्थायी आवास र राहतको प्रभावकारी व्यवस्था गरी पुनर्निर्माणमा जानुपर्ने बताए।

यस्तो महाविपत् सरकारको एक्लो प्रयासबाट सम्भव नहुने भन्दै राजनीतिक दल, नागरिक समाज र संघसंस्थासँग सहकार्य गर्नुपर्ने उनको भनाइ छ। भविष्यमा यस्ता विपत्को क्षति न्यूनीकरण गर्न हिमाली क्षेत्रमा पूर्वचेतावनी प्रणाली र वैज्ञानिक अनुसन्धान केन्द्र स्थापना गर्नुपर्ने उनले बताए।

भारत र चीनसँगको सहकार्य बढाएर हिमालय क्षेत्रको जोखिम अध्ययन र विपत् पूर्वतयारीमा विपत् कूटनीतिलाई प्राथमिकता दिनुपर्ने उनको सुझाव छ। 'भोटेकोसीको घटना हाम्रो लागि वेकअप कल हो,' तुलाधरले भने, 'अब विपत् आएपछि उद्धारमा दौडिने होइन, विपत् आउनुअघि नै तयारी गर्ने प्रणाली विकास गर्नुपर्छ।' यसका लागि नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, विद्युत् प्राधिकरण, जलविद्युत् प्रवर्द्धक, सुरुङ विज्ञ, भूगर्भविद्, चिकित्सक र निजीक्षेत्रका प्राविधिकलाई एउटै प्रणालीमा जोड्नुपर्ने विज्ञ तुलाधरको सुझाव छ।

'सुरुङको नक्सा सरकारसँग अनिवार्य रूपमा सुरक्षित हुनुपर्छ। प्रत्येक आयोजनामा आपत्कालीन सम्पर्क प्रणाली, वैकल्पिक निकास, अक्सिजन आपूर्ति, सञ्चार उपकरण, क्यामेरा तथा उद्धारका आधारभूत उपकरण तयारी अवस्थामा राखिनुपर्छ। त्यस्तो संयन्त्रसँग उद्धार तथा उद्धार सामग्री ढुवानीका लागि हेलिकोप्टर, आवश्यक ड्रिलिङ मेसिन, क्यामेरा, सेन्सर, सञ्चार उपकरण, अक्सिजन प्रणाली, पानी निकाल्ने पम्प र भग्नावशेष हटाउने उपकरण स्थायी रूपमा तयारी अवस्थामा राखिनुपर्छ र त्यसको नियमित अभ्यास पनि हुनुपर्छ। किनकि विपत् आएपछि उपकरण किन्ने, विशेषज्ञ खोज्ने र सुरुङको नक्सा खोज्ने समय हुँदैन,' तुलाधरले बताए।

## सेना...

हुँदैन। विपत्‌विज्ञ तुलाधारका अनुसार त्यसका लागि चाहिन्छ, सुरुङको डिजिटल तथा अद्यावधिक नक्सा, भग्नावशेष हटाउने भारी उपकरण, सुरक्षित ड्रिलिङ गर्ने मेसिन, भूमिगत सञ्चार प्रणाली, अक्सिजन आपूर्ति गर्ने उपकरण, थर्मल तथा खोजी क्यामेरा, ध्वनि पत्ता लगाउने उपकरण, पानी निकाल्ने पम्प, सुरुङभित्रको ग्यास र हावा परीक्षण गर्ने उपकरण, वैकल्पिक बाटो बनाउन सक्ने प्राविधिक जनशक्ति, घाइतेलाई साँघुरो सुरुङबाट निकाल्ने चिकित्सकीय टोली। तर, भोटेकोसीमा यी सबै कुरा एउटै ठाउँमा तत्काल उपलब्ध थिएनन्।

## भोटेकोसीमा...

लैजाने तयारी गरेको थियो। तर, उपकरण हुनु र ती उपकरणलाई दुर्घटनास्थलसम्म पुर्‍याएर तत्काल प्रयोग गर्न सक्नु एउटै कुरा होइन।

बाढीले सडक र पुल भत्काएको अवस्थामा भारी उपकरण घटनास्थलसम्म पुर्‍याउनै कठिन भयो। सुरुङभित्र पानी, लेदो र भग्नावशेषले बाटो बन्द गरेपछि बाहिरबाट अनुमान गरेर मात्र उद्धार गर्नुपर्ने अवस्था आयो। यही कारण १० दिनसम्म सुरुङभित्र रहेका मानिसको अवस्था थाहा पाउन नसक्नु गम्भीर विषय बनेको विज्ञ तुलाधर बताउँछन्।

१९ भदौको उद्धारले भने नेपालका सुरुङमार्गहरूमा अर्को सम्भावना देखाएको छ। सुरुङभित्र नौ दिनसम्म जीवित रहन सकिन्छ भने सम्पर्कविहीन सबैलाई मृत ठान्ने होइन, सम्भावित जीवितको खोजीलाई प्राथमिकता दिनुपर्ने पाठ यस घटनाले सिकाएको छ।

माथिल्लो त्रिशूली-३ 'ए' मा सुरुङभित्रबाट आएको आवाजका आधारमा दुई जनाको स्थान पत्ता लागेको थियो। त्यसपछि उद्धार टोलीले बाटो खोलेर उनीहरूलाई बाहिर निकाल्यो। यसले आधुनिक उद्धारमा आवाज पत्ता लगाउने उपकरण, क्यामेरा, ड्रोन, सेन्सर, सुरुङको डिजिटल नक्सा र सुरक्षित ड्रिलिङ प्रविधि कति महत्त्वपूर्ण छन् भन्ने देखाउँछ।










**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके **शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।